प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

## नोभल कोरोना भाइरस (कोभिड-१९) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०८/१७

(बेलुका ५:०० बजे)


### ❖ बागमती प्रदेशमा संक्रमणको अवस्था:


- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको करिब पचपन्न प्रतिशत (५४.८८%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा कम रहेको छ र मृत्यु हुनेमा बढ्दो उमेर र अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या कुल नेपालको भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | २३६२४६(१००%) | १२९६६१(१००%) |
| निको भएको | २१८१६१(९२.३%) | ११८९९६(९१.७७%) |
| उपचाररत | १६५४७(७.००%) | ९८८८(७.६२%) |
| मृत्यु भएको | १५३८(०.६५%) | ७७७(०.५९%) |

श्रोतः - सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०८/१७

### ❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंग र उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छ:




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०८/१७

- यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ भने २१ देखि ५० वर्ष समुहका व्यक्तिहरुमा कोभिड-१९को संक्रमण बढी देखिएको छ । विगतमा भन्दा अहिले ६० वर्षभन्दा बढी उमेरमा पनि संक्रमण बढदै गएको देखिन्छ ।

### ❖ गत २४ घण्टामा आइ. सी. यु र भेन्टिलेटरमा भएका बिरामीको संख्या:

यस प्रदेशमा गत २४ घन्टामा आइ. सी. यु र भेन्टिलेटरमा उपचाररत बिरामीको संख्या यस प्रकार रहेको छ:

| विवरण | काठमाण्डौ उपत्यकाभित्र | काठमाण्डौ उपत्यकाबाहिर | जम्मा |
|---|---|---|---|
| आइ. सी. यु मा उपचाररत बिरामीको संख्या | १०० | ४४ | १४४ |
| भेन्टिलेटरमा उपचाररत बिरामीको संख्या | २९ | ५ | ३४ |

### ❖ गत २४ घण्टामा प्राप्त जिल्लागत निधनको संख्या जसमा बिगतमा छुट भएको संख्या पनि समाबेस भएको छ:

| जिल्ला | मृतकको संख्या र विवरण | |
|---|---|---|
| | संख्या | विवरण |
| काठमाडौं | २ | १ पुरुष र १ महिला |
| ललितपुर | २ | २ पुरुष |
| मकवानपुर | १ | १ पुरुष |
| जम्मा — ५ | | |

### ❖ निधनको विवरण निम्न बमोजिम रहेको छ:

- काठमाडौंकी ७७ बर्षिया महिला कोभिड र स्वासप्रस्वासमा समस्याका कारणले मंशिर ७ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंशिर १६ गते निधन भएको छ । उहाँको मंशिर १६ गते कोभिड-१९ पुष्टि भएको थियो। (उहाँलाई मृगौला रोगको समेत समस्या थियो।)

- ललितपुरका ६६ वर्षिय पुरुष कोभिड र स्वासप्रस्वासमा समस्याका कारणले मंशिर १६ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंशिर १६ गते निधन भएको छ । उहाँको मंशिर ७ गते कोभिड-१९ पुष्टि भएको थियो। (उहाँलाई चिनी र उच्च रक्त चाप रोगको समेत समस्या थियो।)

- ललितपुरका ८० वर्षिय पुरुष कोभिड र स्वासप्रस्वासमा समस्याका कारणले मंशिर १३ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंशिर १६ गते निधन भएको छ । उहाँको मंशिर ११ गते कोभिड-१९ पुष्टि भएको थियो।(उहाँलाई युरिक असिड रोगको समेत समस्या थियो।)

- मकवानपुरका ६२ बर्षिय पुरुष कोभिड र स्वासप्रस्वासमा समस्याका कारणले मंशिर १५ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंशिर १६ गते निधन भएको छ । उहाँको मंशिर १४ गते कोभिड-१९ पुष्टि भएको थियो।(उहाँलाई नसा सम्बन्धि र दम रोगको समेत समस्या थियो।)

- काठमाडौंका ४५ बर्षिय पुरुष कोभिड र स्वासप्रस्वासमा  समस्याका कारणले मंशिर ३ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंशिर १६ गते निधन भएको छ । उहाँको मंशिर ४ गते कोभिड-१९ पुष्टि भएको थियो। (उहाँलाई पाचन प्रणालीमा रक्त श्राब सम्बन्धि रोगको समेत समस्या थियो।)

- उहाँहरुको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ।

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरणः

- हालसम्म बागमती प्रदेशमा ७४७७ वटा क्वारेन्टाईन बेड ब्यवस्थापन गरिएकोमा हाल २४१ जना बसिरहनुभएको छ भने ७०३ जना होम क्वारेन्टाईनमा हुनुहुन्छ । यस प्रदेशमा ४७४९ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले ३०२२ जना (केहि जिल्लामा होम आइसोलेसनमा भएकाको समेत विवरण उल्लेख गरिएको) संस्थागत आइसोलेसनमा र ६७८८ जना होम आइसोलेसनमा बसिरहनुभएको छ । आजको मितिसम्मको विवरण अनुसार यस प्रदेशमा २४९३४७ जनाको पिसिआर परिक्षण गरिएको छ ।
- जिल्लाबाट संकलन गरिएका स्वाबको रिपोर्टिंग तलको तालिकामा समावेश भएको तर स्थानीय र केन्द्रीय तहबाट संकलन भएका केहि स्वाबको रिपोर्टिंग हालसम्म पनि जिल्लाको रिपोर्टिंगमा समावेश गर्न नसकिएकोले स्वाबको संख्या कम देखिएको छ ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइनमा रहेका | आइसोलेसन | | RT-PCR परिक्षण सम्बन्धी विवरण | | | कै |
|---|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | संस्थागत आइसोलेसनमा बसेका | जम्मा संकलित स्वाब संख्या# | पोजेटिभ | आजको नयाँ संक्रमण | |
| काठमाण्डौ | १०५० | ११३ | २६७ | २६६६ | २१७४ | १४०८५८ | ८८८२८ | ५३१ | |
| ललितपुर | ३७१ | ३१ | ८० | २८९ | २०८ | ११२३४ | १३५४२ | १३४ | |
| भक्तपुर | १०५ | ६ | १६५ | ३३१ | ७५ | ११५२५ | ८०२९ | ५८ | |
| रसुवा | २५५ | ० | ० | ३५ | ० | १५७९ | १४७ | ७ | |
| नुवाकोट | ५४९ | ० | ० | ४५ | ७ | ७७४९ | १२२९ | २३ | |
| धादिङ | ३१५ | ० | १८ | १६० | ३ | ५९७४ | १५२१ | १६ | |
| चितवन | २४६५ | ० | ० | ३५५ | ४५६* | ३३८६० | ६७२३ | ४८ | |
| सिन्धुली | ३१३ | ० | ० | ५२ | २ | ४०८० | ५०२ | १ | |
| मकवानपुर | २० | ० | ० | २९० | ३ | १३९५९ | ४०६३ | १८ | |
| रामेछाप | ४९० | ६५ | ४९ | १०८ | १२ | १४७९ | ४९१ | १३ | |
| दोलखा | १९३ | ० | ० | ४४ | २९ | ३०८३ | ६२३ | ५ | |
| काभ्रेपलान्चोक | ५९७ | २६ | २३ | २४३ | ४९ | ७५१३ | ३०८० | १९ | |
| सिन्धुपाल्चोक | ७५४ | ० | १०१ | १३१ | ४ | ६४५४ | ८८३ | ९ | |
| जम्मा | ७४७७ | २४१ | ७०३ | ४७४९ | ३०२२ | २४९३४७ | १२९६६१ | ८८२ | |

श्रोतः पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख,*होम आइसोलेसनमा रहेका संक्रमितको विवरण समेत जोडिएको, #केहि जिल्लाहरुको अध्यावधि गर्न बाँकी रहेको

## ❖ मुख्य-मुख्य क्रियाकलापहरुः

- **संक्रमितको खोजी र फलो-अप कार्यः**

  सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी, सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुरको हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समेत समन्वयमा) कार्य भईरहेको छ ।

## ❖ प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा हिजोसम्म प्राप्त भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| VBDRTC, हेटौडाको प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | ३३१४७ | ४६ | ४६ | मकवानपुर- १२ | ३४ | |
| VBDRTC, काभ्रेपलान्चोक, — धुलिखेलको प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | १५५१५ | ४७ | १२५ | भक्तपुर- १७<br>दोलखा - ४<br>रामेछाप - ५ | ९० | |

## ❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः

-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशः http://mosd.p3.gov.np/

-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय : https://covid19.mohp.gov.np/#/

-नेपाल सरकार गृह मन्त्रालय : https://covid19.ndrrma.gov.np/

-कोभिड१९ संकट व्यबस्थापन केन्द्रः ccmc.gov.np

-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाः http://www.edcd.gov.np/news/covid-19-situation-updates

-विश्व स्वास्थ्य संगठन / नेपालः https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं ।**

**धन्यवाद !**

प्रवक्ता

डा. पुरुषोत्तम राज सेढाई